# पैरवी

## २०६६ अंक २

**मुलुकमा स्थाई सरकारको अभावका कारण समयमा संविधान निर्माण हुन सक्छ कि सक्दैन भन्नेमा सबैलाई आशंका छ । राजनीतिक दलहरू देश र जनताको हितमा भन्दा सधैं सत्ताका लागि लडिरहेका छन् । यसले गर्दा उनीहरू संबिधान निर्माणमा गम्भीर देखिएका छैनन । ऐतिहासिक संबिधान सभा मार्फत पहिलो पटक जनताको प्रत्यक्ष सहभागीतामा बन्न लागेको संबिधान निर्माण प्रक्रिया अन्योलमा परेको छ । यसले गर्दा राज्यको पुर्नसंरचना गरी दबाईएका र पछाडि पारिएका बर्गहरूको अधिकार सुनिश्चित गर्ने काम पूरा हुन सक्नेछैन जसमा नेपालका आधा भन्दा बढी संख्यामा रहेका महिलाहरू सबैभन्दा बढी प्रभावित हुनेछन् । ओरेक नेपाल मुलुकको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याई समय मै संबिधान निर्माण हुनुपर्छ भन्नेमा जोड दिन्छ । पैरबीको दोस्रो अंकमा तपाईलाई स्वागत छ ।**

## ओरेक गतिबिधि

### महिला मानवअधिकार रक्षकमाथि भएको कुटपीटको बिरोधमा प्रदर्शन

चैत महिनाको अन्तिम हप्ता सुनसरीमा महिला मानवअधिकार रक्षक कारोदेबी सरदारलाई कुटपिट गरेको उजुरी प्रहरीले दर्ता गर्न नमानेपछि ईलाका प्रहरी कार्यालय चिमडी घेराउ गर्न पुगेका महिलाहरूलाई प्रहरीले उल्टै कुटपिट गर्नुका साथै दुर्व्यबहार गऱ्यो। प्रहरीको कुटपीटबाट १६ जना महिला घाईते भए । प्रहरीको कुटाईबाट सुनसरी बेलगछियाका सीता कामत, सुनिता शाह, ठकनी मेहता र चिमडीकी लक्ष्मी चौधरी गम्भीर घाईते भए । सुनसरी स्थित रामगञ्ज बेलगाछियाका ललिता गुरुङ र आशिक सरदारलाई प्रेम विवाह गर्न उक्साएको भन्दै ललिताका दाई नटिया गुरुङले कारोदेबी सरदारलाई कुटपीट गरेका थिए । यी हिंसात्मक गतिविधिका विरोधमा काठमाण्डौमा चैतको ३० गते एक ऱ्यालीको आयोजना गरियो । बानेश्वरबाट सुरु भएको उक्त बिरोध ऱ्यालीले जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा पुगेर ध्यानाकर्षण पत्र बुझाई १ घण्टा धर्ना दिएको थियो । साथै प्रधानमन्त्री लगायत गृहमन्त्रालय, राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र प्रहरी महानिरिक्षकलाई पनि ध्यानाकर्षण पत्र बुझाईएको थियो ।

ध्यानाकर्षण पत्रमा : महिला मानवअधिकार रक्षकहरूमाथि जारी हिंसा अन्त्य हुनुपर्ने, महिलाहरूलाई कुटपीट र दुर्व्यबहार गर्ने प्रहरीलाई कडा कारवाही गर्नुपर्ने लगायतका माग राखिएको थियो ।

(हाल उक्त घटनासम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ । )

## संचारकर्मीहरूसँग अन्तरक्रिया

नेपालको अन्तरिम संविधानले महिला हिंसाको घटना अभिलेखन गर्ने र घटनाको तथ्याङ्क स्पष्ट रूपमा सबै सम्बन्धित निकायमा व्यवस्था गरेको छ । तरपनि त्यो अहिलेसम्म व्यवहारमा लागू हुन सकेको छैन ।

महिलामाथिको हिंसा अपराध हो भन्ने मान्यता स्थापित भइसकेको र केही कानुनहरू पनि बनेका छन् तर कार्यान्वयनको पक्ष अत्यन्त फितलो भई दिँदा यसको कुनै महत्व देखिएको छैन । महिला हिंसाको निराकरणको लागि राज्यले महिलामाथि हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धिको अनुमोदन पनि गरेको छ । तथापि महिलाहरूमाथि हुने हिंसाको स्थिति र त्यसले महिलामाथि पारेको असरका बारेमा जानकारी लिने र उचित न्याय प्रदान गर्ने कुनै संयन्त्रको विकास हालसम्म हुन सकेको छैन । त्यसले गर्दा महिलाहरूमाथि हिंसा झन् बढ्दै गएको छ । उचित संयन्त्रको अभावमा हिंसाबाट पीडित महिलाहरू उचित न्याय पाउन सकेका छैनन् । घरबारविहीन भएका छन्, हत्या बलात्कार, कुटपिट, र दुर्व्यवहार खप्न बाध्य भएका छन्, र न्यायको लागि गुहारिरहेका छन् ।

त्यसैकारण बनेका कानुनको कार्यान्वयन र नयाँ कानुन निर्माणका लागि राज्यपक्षलाई दबाब दिन र घटनाको यथार्थ जनसमक्ष ल्याई पीडितहरुलाई न्याय दिन स्थानीय प्रशासन र राज्यलाई दबाव सिर्जना गर्न संचार माध्यममार्फत घटना सार्वजनिक गर्ने गरिएको छ । यसै क्रममा चैत महिनाको २९ गते संचारकर्मीहरूसँग एक अन्तर्क्रिया गरियो । उक्त अन्तरक्रियामा महिला हिंसाका ९ वटा घटनाको विवरण प्रस्तुत गरिएको थियो । ती घटनाहरूमा दाइजो नल्याएको निहुँमा श्रीमान्ले झुण्डयाएर मारेको, बलात्कार, श्रीमानद्वारा घर निकाला र  कुटपिट रहेका थिए ।

## महिला मानवअधिकार रक्षक निर्मला थापाको रहस्यमय मृत्यु

२०६६ बैशाख ७ गते अचानक बेपत्ता पारिएकि महिला मानवअधिकार रक्षक निर्मला थापाको शव एक्कासी धादिङको मलेखु नजिकको खोलामा १० गते फेला पर्‍यो । बिक्षिप्त अबस्थामा फेला परेको शवको पोष्टमार्टम त्रिभुवन विश्व बिद्यालय शिक्षण अस्पतालमा गरिएको थियो । मुद्दाका अपराधीलाई कडा कारबाही गरी घटनाको सत्य तथ्य पत्ता लगाउन ओरेक नेपालको संयोजनमा बिभिन्न कार्यक्रम भए । यही सिलसिलामा बैशाख ११ गते ओरेक नेपालमा यो मुद्दालाई कसरी अघि बढाउने भन्ने सम्बन्धमा, नागरिक आवाज लगायत अन्य सङ्घ/संस्था र अधिकार बादीहरूसँग छलफल भयो । सो छलफलमा निर्मलाले



आत्महत्या गरेको नभई हत्या गरिएको कुरा प्रमाणित हुने केही उदाहरणहरू मृतक थापाका भाई बिष्णु थापाले प्रस्तुत गर्नुभएको थियो। मृतक थापाका श्रीमान ऋषिराम पण्डितसँगको सम्बन्ध र पण्डितले बैशाख २ गते अर्को बिबाह गरेको जानकारी समेत बिष्णु थापाले गराउनु भएको थियो। यो छलफलले महिला मानवअधिकार रक्षक निर्मला थापाको शव भेटिएको स्थान धादिङको गजुरी गई अध्ययन गर्न एक समूह बनाउनुका साथै अन्तरराष्ट्रिय समुदायलाई यो मुद्दाबारे जानकारी गराउने बारे विचार विमर्श गरिएको थियो।

बैशाख १३ गते पत्रकार सम्मेलनको आयोजना गरियो। पत्रकार सम्मेलनमा मृतक थापाका श्रीमान ऋषिराम पण्डितले उनीमाथि २ बर्षदेखि कुटपिट गर्दै आएको र उनले भर्खरै अर्की श्रीमती ल्याएको हुनाले षडयन्त्रपूर्ण रुपले हत्या गरिएको अनुसन्धानमा संलग्न अञ्जु गुरुङले पत्रकारहरूलाई जानकारी दिनुभयो। थापाको हत्याका सम्बन्धमा छानबीन कार्यलाई गम्भीर रुपमा लिन र छिटो हत्यारा पत्ता लगाई कडा कार्बाही गर्न माग गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, गृह मन्त्री बामदेव गौतम र प्रहरी अतिरिक्त महानिरीक्षक रमेश चन्द ठकुरीको ध्यानाकर्षण गराइएको थियो। यसैगरी थापाको हत्या उनकै श्रीमान ऋषिराम पण्डितले गरेको भन्दै मृतक निर्मला थापाका भाई बिष्णु थापाले दिएको किटानी जाहेरीका आधारमा प्रहरीले दायर गरेको रिटमा २०६६ साल जेठ ५ गतेदेखि धादिङ जिल्ला अदालतमा बहस भयो। ४ दिनसम्म चलेको बहसपछि अदालतले हत्यामा संलग्नहरू ऋषिराम पण्डित र उमेश पण्डितलाई तत्काल पुर्पक्षको निमित्त थुनामा राख्नु पर्ने र फरार प्रतिवादी सम्झना लामिछानेका हकमा वारेन्टसहित ७० दिने म्यादी पुर्जी जारी गर्ने आदेश जारी गर्‍यो। यो मुद्दामा वादीका तर्फबाट अधिबक्ताहरू केदार प्रसाद दाहाल, नारायण देवकोटा र बलराम दवाडीले बहस गर्नुभएको थियो। यो सबै संयोजन ओरेक नेपालले गरेको थियो। यसैगरी हत्यामा संलग्न दोषीलाई कडा कार्बाही दिलाउनका लागि प्रमाणहरू जुटाउन सहयोग पुर्‍याउने उद्देश्यले टास्कफोर्स पनि गठन गरिएको छ। टास्कफोर्समा डा. रेणु राजभण्डारी, सुबोध प्याकुरेल, शर्मिला कार्की, शोभा गौतम, डा. बिष्णु उप्रेती, शारदा पोखेल, सपना मल्ल प्रधान हुनुहुन्छ। यसअघि ओरेक नेपालको संयोजनमा नागरिक आवाजले नेपाल बार एशोसिएसनमा आयोजना गरेको अन्तरक्रियामा सहभागीहरूले दोषीलाई उम्कन नदिन प्रमाण जुटाई यीनलाई बलियो बनाउने तर्फ लाग्नुपर्ने सुझाब दिएका थिए। साथै उनीहरूले अधिकार के बारेमा बहश र छलफल चलाउदै आएका महिलाहरू नै घरेलु हिंसाबाट पीडित हुनुपरेकोले अब महिला मानवअधिकार रक्षकहरूले आफ्नै सुरक्षाका बारेमा पनि एकअर्कासँग अनुभव साट्नु पर्ने कुरामा जोड दिएका थिए। अन्तरक्रियामा मृतक निर्मला थापाका भाई बिष्णु थापाले, श्रीमानसँग निर्मलाको सम्बन्ध, उसको ब्यबहार र पछिल्लो समयमा आफूमाथि गरेको दुर्व्यबहारका बारेमा सुनाएका थिए। (हाल उक्त घटनासम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।)

## उदयपुरमा महिलाहरूले संचालन गर्ने रेडियो उदयपुर एफ एम १०२ थोप्लो ४ मेगाहर्ज सुरु

उदयपुर जिल्लाको राजावासमा सामुदायिक रेडियो सुरु भएको छ। ओरेक नेपालको पहलमा सुरु भएको महिलाहरूले संचालन गर्ने रेडियो उदयपुरको गणतन्त्र दिबसको अवशर पारेर जेठ १६ गते संबिधान सभाका उपाध्यक्ष पूर्णा कुमारी सुबेदीले उद्घाटन गर्नुभयो। यो रेडियोले सुरुमा २० दिनसम्म बिहान साढे २ र बेलुका साढे २ घण्टा गरी दैनिक ५ घण्टा आफ्नो परीक्षण प्रसारण गरिरहेको छ। रेडियो उदयपुरमा अहिले २५ जना महिला स्वंयसेवीले काम गरिरहेका छन्। उनीहरूलाई ओरेक लगायत बिभिन्न सङ्घ/सस्थाको सहयोगमा

रेडियो कार्यक्रम उत्पादन, प्रसारण र समाचार लेखनसम्बन्धी तालिम उपलब्ध गराईएको थियो भने ५ जनाले काठमाण्डौ स्थित नेपाल एफ.एम.मा तालिम लिएका थिए। रेडियोको मुख्य उद्देश्य महिला सशक्तीकरण र सामाजिक न्यायका लागि आवाज उठाउनु रहेको छ। आधाभन्दा बढी जनसंख्या रहेका महिलाहरूलाई सशक्त बनाई उनीहरूको आवाजलाई मूल प्रबाहमा ल्याउन यो रेडियोले मद्दत गर्नेछ। त्यसैले समुदायका महिलाहरूलाई बढी भन्दा बढी सहभागी गराई उनीहरूले गरेका काम र उनीहरूका समस्यालाई रेडियोबाट




प्रसार गर्ने काम यसले गर्ने छ। सामुदायिक रेडियो, रेडियो उदयपुर, महिला सशक्तीकरण स्रोत केन्द्र उदयपुर ले संचालन गरेको हो।

## महिलाहरू माथि भएका हिंसाका घटनासम्बन्धी मासिक प्रतिबेदन सार्बजनिक

ओरेक नेपालले संचालन गर्दै आएका विभिन्न अभियान र खास गरी महिला हिंसाका घटनालाई संचार माध्यममार्फत प्रकाशमा ल्याउन, संचार माध्यममार्फत महिला हिंसा नियन्त्रण गर्न राज्यलाई दबाब दिन र तथ्याङ्क राख्न मासिक प्रतिबेदन प्रकाशन गर्न सुरु गरिएको हो। यसैअनुसार बैशाख र जेठ महिनामा प्रतिबेदन सार्बजनिक गरिएको छ। बैशाख महिनाको प्रतिबेदनमा ४० वटा महिला माथिका हिंसाका घटना प्राप्त भएका थिए। बैशाखमा २ जना गर्भवती महिलालाई क्रुर तरिकाले यातना (कुटपिट) दिइयो। महिला मानवअधिकार रक्षक तथा नागरिक आवाजमा कार्यरत निर्मला थापाको रहस्यमय मृत्युको एक हप्ता पनि नबित्दै सुदुरपश्चिममा यही बैशाख १५ गते अर्की एक जना महिलाले श्रीमानको कुटाईबाट ज्यान गुमाइन्। कञ्चनपुर सुडा गाबिस निबासी १८ बर्षिया रमिला चन्दलाई तरकारी मिठो नपकाएको निहुँमा श्रीमान राम बहादुरले यातना पछि नृशंस हत्या गरे। ब्यबस्थापिका संसदबाट घरेलु हिंसा नियन्त्रण सम्बन्धी बिधेयक पास भएको एक महिना भित्र २ जना महिलाले श्रीमानबाट ज्यान गुमाए। यसैगरी कञ्चनपुरमा गर्भवती बुहारी लक्ष्मी भट्टलाई ससुरा बिष्णु भट्टले बेहोस हुने गरी पेटमा लात्तीले कुटपिट गरे भने सिरहामा पनि ससुरा रामकृष्ण यादबले गर्भवती बुहारीलाई क्रूर यातना दिएका छन्।

यसैगरी जेठ महिनामा महिलामाथिका हिंसाका घटना ४ गुणा बढेर १७१ पुगेको छ। बैशाख महिनामा हत्या र बलात्कारका घटना बढी भएका छन् भने जेठ महिनामा महिलाहरू बेचबिखनको शिकार बढी भएका छन्। यसैगरी जेठ महिनामा रेष्टुरेण्टमा काम गर्ने ९३ जना महिलालाई प्रहरीले पक्राउ गर्‍यो। जेठ महिनामा ९ जना महिलाको हत्या भयो भने ९ जना घरेलु हिंसाबाट पीडित भए। जेठ महिनाको पहिलो हप्ता धादिङमा १०२ बर्षिया महिला बलात्कृत भएकी छन्। बीरगंजमा पैसा सापटी नदिएको निहुमा ६० बर्षिया रेखा शाह तेलीलाई जिउदै जलाइ हत्या गर्ने प्रयास गरियो। शरीरमा मट्टीतेल खन्याएर स्थानिय राजेन्द्र महतो र राजदेब महतोले साहलाई जलाई घाईते बनाएका थिए। बझाङमा गरिबीका कारण एकजना महिलाले आफ्ना २ छोरीको हत्या गरी आफूले पनि आत्महत्या गरेकी छन्। बझाङ सुनकुडा निबासी २६

बर्षिया जशुली बिष्टले जेठ महिनाको दोस्रो हप्ता ४ बर्षिया छोरी रामकला र आठ महिनाकी छोरी रमिताको घाँटी निमोठी हत्या गरेर आफू झुण्डिएर आत्महत्या गरेकी थिईन् । यसैगरी मोरङ उर्लाबारीमा मीना भण्डारीलाई गाउँ निकाला गरिएको छ भने सप्तरीमा ४० बर्षिया बच्चीदेबी बोक्सीको नाममा गाउँबाट लखेटिएकी छिन् ।

## संयुक्त राष्ट्रसङ्घ/मानवअधिकार परिषदको ११ औं बैठकमा नेपालको महिला हिंसा विरुद्धको बार्षिक प्रतिबेदन "अन्वेषी" बिमोचन

संयुक्त राष्ट्रसङ्घ अन्तर्गत महिला हिंसा विरुद्धको अभियानका बिशेष प्रतिबेदक डा. यकिन एर्टोकले जेनेभामा सम्पन्न मानवअधिकार परिषदको ११ औं बैठकका अवसरमा आयोजित समानान्तर गोष्ठीमा ओरेक नेपालद्धारा प्रकाशित महिला हिंसाविरुद्धको बार्षिक प्रतिबेदन "अन्वेषी" बिमोचन गर्नु भयो । महिला हिंसाविरुद्धको अभियानका लागि राष्ट्रसङ्घको म्याण्डेट पाएको १५ बर्ष पुगेको अबसर पारेर जेनेभामा आयोजित मानवअधिकार परिषदको ११ औं बैठकमा सो प्रतिबेदन बिमोचन गरिएको हो । ओरेक नेपालले तयार पारेको उक्त बार्षिक प्रतिबेदनमा नेपालमा भएका ७ हजार २ सय ३२ वटा महिला हिंसा विरुद्धका घटना समेटिएको छ । जेठ महिनाको २१ गते (जुन ४) सम्पन्न ११ औ बैठकमा यातना विरुद्धको बिश्व सँगठन (OMCT) का म्यारियाना टुवार्टे, OHCHR अर्न्तगत, लैंगिक ईकाईका प्रमुख म्याडलिन रिज, स्वीडेनका लागि नेपालका राजदुत, महिला हिंसा विरुद्धको अभियानका बिशेष प्रतिबेदक डा. यकिन एर्टोक, विभिन्न अन्तरराष्ट्रिय सङ्घ/संस्थाका प्रतिनिधि र नेपालका तर्फबाट ओरेक नेपालका अध्यक्ष डा. रेणु राजभण्डारी सहभागी हुनुहुन्थ्यो ।

## महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजाल बिस्तार

मानवअधिकारको क्षेत्रमा क्रियाशील महिलाहरूको अधिकार, सुरक्षाका लागि सँगठित गर्न गठित महिला मानवअधिकार रक्षकहको राष्ट्रिय संजाल बिस्तार गर्ने काम भइरहेको छ । मानबअधिकार रक्षकहरूको सन्दर्भमा स्थापित तथा प्रचलित मान्यता र परिभाषाले महिला मानवअधिकार रक्षकहरूलाई समेट्न र सम्बोधन गर्न सकेको छैन । त्यसैले महिला मानवअधिकार रक्षकहरूमाथि बारम्बार हिंसा भइरहेको छ । यसलाई मध्येनजर गर्दै ओरेक नेपालले समुदायदेखि राष्ट्रिय स्तरसम्म महिला र मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घ/संस्थासँगको समन्वयमा महिला मानवअधिकार रक्षकहरूको पहिचान र सुरक्षाका लागि सँगठित गर्दै र आवाज उठाउँदै आएको छ । यसैले संजाललाई देशब्यापी बनाउन मकवानपुर,



धादिङ, बारा, पर्सा, सर्लाही, रौतहट, खोटाङ, ओखलढुङ्गा, तेह्रथुम, जुम्ला, धनकुटा, मनाङ, मुस्ताङ्ग, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, बझाङ्ग, बाजुरा, रुकुम, ईलाम, पाँचथर, झापा र सप्तरीमा गरी २३ वटा जिल्लामा यसपाली संजालको बिस्तार गरिएको छ । हालसम्म महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजाल ६६ वटा जिल्लामा बिस्तार भईसकेको छ । गठन सँगसँगै महिला

मानवअधिकार रक्षकहरुलाई अभिमुखीकरण/तालिम दिने कार्य भईरहेको छ । धादिङ र मकवानपुरमा महिला मानवअधिकार रक्षकहरूलाई अभिमुखीकरण तालिम दिईसकिएको छ भने अन्य जिल्लामा त्यस्तो अभिमुखीकरण/तालीम दिने तयारी भईरहेको छ।

## महिला मानवअधिकार रक्षक स्वर्गीय लक्ष्मी बोहोराको बार्षिकीमा स्मरण

महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजालले स्वर्गीय लक्ष्मी बोहोराको निधन भएको दिन जेठ २४ गते एक कार्यक्रमको आयोजना गऱ्यो। गत बर्ष यसै दिन उहाँको



हत्या भएको थियो। स्वर्गीय बोहोराको स्मरणमा संजालले जेठ २४ को साँझ काठमाण्डौको माईतीघर मण्डलामा मैनबत्ती प्रज्वलन गऱ्यो । कञ्चनपुर जिल्ला चम्पापुर गाबिस की महिला मानवअधिकार रक्षक बोहोरालाई उनकै श्रीमान टेकराज बोहोराले कुटपिट गरी जर्बजस्ती विष सेवन गराई हत्या गरेका थिए । कार्यक्रममा अपाङ्गता भएका महिला, यौन अल्पसंख्यक, भूमि अधिकार आन्दोलनमा क्रियाशील महिलाहरू गरी ५० जना महिला मानवअधिकार रक्षकहरूको उपस्थिति थियो । लक्ष्मी बोहोराको हत्यारालाई पक्राउ गरी कारबाही गर्न प्रशासनले तत्परता नदेखाएको, उनको हत्या गरिएको यथार्थ रिपोर्ट अस्पतालले नदिएको र घटनामा स्थानीय प्रशासनले चासो नदेखाएपछि महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय संजालले गएको बर्ष असार २९ देखि २४ दिने आन्दोलन समेत गरेको थियो । उक्त आन्दोलनपछि दबाबस्वरुप सरकारले प्रधानमन्त्रीको कार्यालयअर्न्तगत एक उच्चस्तरीय छानबीन समिति समेत बनाएको थियो। सो समीतिले आफ्नो प्रतिबेदन तयार पारेर बुझाइसकेको छ तर सार्बजनिक भने भएको छैन ।

## प्रारम्भिक बाल बिकास केन्द्रका लागि सरकारले गर्न लागेको अध्ययनका सम्बन्धमा सुझाब

सरकारले सुरु गरेको प्रारम्भिक बालबिकास केन्द्रमा रहेका बालबालिकाहरूको स्वास्थ्य र पोषणका सम्बन्धमा शिक्षा बिभाग अर्न्तगतको प्रारम्भिक बाल बिकास शाखाले एक कार्यशालाको आयोजना गऱ्यो। उक्त कार्यक्रममा ओरेक नेपालले पनि प्रारम्भिक बाल बिकास केन्द्रका बालबालिकाहरूका आधारभूत आवश्यकता, स्वास्थ्य र पोषणका बारेमा सुझाबहरू दिएको थियो। यसैगरी सरकारले संचालन गरिरहेका बाल बिकास केन्द्रका न्यूनतम आवश्यकता र त्यसका लागि आवश्यक खर्चबारे नेपाल सरकारले एक अध्ययन गर्ने भएको छ । त्यसका लागि ओरेक नेपालले सुझाबहरू दिएको हो।

सुझाबहरूमा प्रारम्भिक बालबिकास केन्द्रमा एउटा मात्र नभएर २ जना सहजकर्ताको ब्यबस्था हुनपर्ने र उनीहरूलाई आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने, सरकार, समुदाय र अभिभावक मिलेर केन्द्रमा रहने बालबालिकाका लागि खाजाको ब्यबस्था गर्नुपर्ने, केन्द्रहरूलाई पनि बजेटको ब्यबस्था गर्नुपर्ने, कोष बृद्धिका लागि पहल गर्नुपर्ने, खानेपानी र शौचालयको उपयुक्त ब्यबस्था गर्नुपर्ने लगायतका रहेका छन्।

## युरोपियन युनियनसँगको छलफल

मानवअधिकार, महिला मानवअधिकार रक्षक र मानवअधिकारसम्बन्धी सरोकारवाला संघसंस्था र युरोपियन युनियनबीच मानवअधिकारका विभिन्न मुद्दामा छलफल भएको छ। विभिन्न समयमा बसेका बैठकमा विभिन्न गैरसरकारी सङ्घ/संस्थाका प्रतिनिधि र युरोपियन युनियनका प्रतिनिधिबीचको बैठकमा मानवअधिकार रक्षक, महिला मानवअधिकार रक्षक, तेस्रो लिङ्गी लगायतको सुरक्षा र उनीहरूको अधिकारको बिषयमा छलफल भएको थियो।

## कृतिका अभियान

सामाजिक सांस्कृतिक रुपान्तरणका लागि महिला अभियान "कृतिका" ले बैशाख र जेठमा मकवानपुर, धादिङ र उदयपुरका ३ ठाउँमा साँस्कृतिक प्रदर्शन गर्‍यो। महिला भित्रका विविधता, भिन्न प्रतिभाका धनी, विभिन्न बर्ग, अपाङ्गता भएका, एच.आइ.भी संक्रमित, समलिङ्गी, तेस्रोलिङ्गी, वेचविखनमा परेका समुदाय, क्षेत्र, जातजाती भित्रका महिला र हिंसा उत्पीडनमा परेकाहरू आबद्ध यो सांस्कृतिक अभियान राष्ट्रिय र स्थानीय स्तरमा संचालन गर्ने उद्देश्यअनुरुप अहिलेसम्म ३ वटा जिल्लामा आफ्नो प्रस्तुति देखायो।

यी प्रस्तुतीमा कृतिकाले गीत र नृत्य मार्फत महिला अधिकारका मुद्दालाई उठाउदै आएको छ। महिलाहरूले भोगिरहेका पीडा र दुःखका र उनीहरुको मुक्तिका कुरालाई यो अभियानले गीतको माध्यमबाट प्रस्तुत गर्ने गर्छ। आफ्नो अधिकारप्रति सचेत हुनका लागि सम्पूर्ण महिलालाई यो अभियानले आव्हान गरेको छ। महिलाहरू सधैं अरुको भरमा मात्र बाँच्दैनन्, सधैं दुःख पायौं, हिंसामा पर्‍यौं भनी भाग्यलाई दोष दिएर नबसी सबैलाई जागरुक हुनका लागि सन्देश सहित स्वयं पीडामा परिरहेका, आफ्नो र अरुको अधिकारका लागि लडिरहेका महिलाको सक्रियतामा यो



अभियान अगाडि बढाइएको छ। ५१ प्रतिशत महिलालाई समान अधिकार राज्यले प्रदान गर्नु पर्दछ, अधिकारको सुनिश्चितता संविधान मै हुनु पर्दछ भन्ने आवाज यस सामाजिक सांस्कृतिक रुपान्तरणका लागि महिला ***कृतिका*** अभियानले उठाएको छ।


प्रकाशक :

**ओरेक नेपाल**

पो.ब.नं. १३२३३

काठमाडौं, नेपाल

फोन नं. : ४१२३१२४, ५००६३७४

इमेल : worec@wlink.com.np

वेवसाइट : www.worecnepal.org

हटलाइन : १६६०-०१-७८९१०

तयार गर्ने : दुर्गा कार्की

सम्पादक : डा. विनायक राजभण्डारी

ले-आउट : विन्दु गौतम